आज मिति २०७४।१०।७ गतेका दिन राप्ती सोनारी गाउपालिकाको बैठक राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री लाहुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | अध्यक्ष | |
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष | |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष वडा नं. | १ सदस्य |
| श्री मदन कुमार वली | ,, ,, ,, | २ सदस्य |
| श्री गंगाराम थारु | ,, ,, ,, | ३ सदस्य |
| श्री कान्छा थारु | ,, ,, ,, | ४ सदस्य |
| श्री झगरु थारु | ,, ,, ,, | ५ सदस्य |
| श्री जनक बहादुर थारु | ,, ,, ,, | ६ सदस्य |
| श्री रामलखन थारु | ,, ,, ,, | ७ सदस्य |
| श्री ~~केशराम थारु~~ खुम बहादुर खड्का | ,, ,, ,, | ८ सदस्य |
| श्री महावीर वली | ,, ,, ,, | ९सदस्य |
| श्री दमकला जैसी | महिला सदस्य | सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, ,, | सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, ,, | सदस्य |
| श्री लिला नेपाली | ,, ,, | सदस्य |
| श्री देवराज कुमाल | | सदस्य |
| श्री पतरी दपाई | | सदस्य |
| श्री भरत कुमार मल्ल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

निर्णय:-

नं. १. गाउपालिकामा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा निरिक्षण गर्ने कार्यको लागी गाउपालिकाको उपाध्यक्ष श्री धनी कुमारी खत्रीको संयोजकत्वमा निम्न बमोजिमका व्यक्तिहरु रहने गरी अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष | संयोजक |
| श्री सम्वन्धित वडाको वडा अध्यक्ष | | सदस्य |
| श्री देवराज कुमाल | गाउपालिका सदस्य | ,, |
| श्री इन्जिनियर वा सव इन्जिनीयर | | ,, |

नं. २. गाउपालिकामा रहेका प्राय सवै विद्यालयहरुको आर्थिक अवस्था कमजोर रहेको, आफ्नै आन्तरिक श्रोत्र नभएको, विद्यार्थिको संख्या वढी भएको कारणले नीजि श्रोतबाट खर्च व्यहोर्ने गरी प्राय सवै विद्यालयहरुले शिक्षक राखेको मा शिक्षकलाई दिनु पर्ने पारिश्रमिक पनी भूक्तानी गर्न नसकेकोले पठन पाठनमा समेत बाधा व्यवधान भई रहेकोले सो को व्यवस्थापनको लागी गाउपालिका स्तरिय शिक्षा समितिको अनुरोधमा निम्न विद्यालयलाई निम्न बमोजिमको रकम विद्यालय शिक्षा व्यवस्थापन कार्यक्रमको लागी छुट्याइएको रु. ३२०००००। बाट अनुदान दिने निर्णय गरियो ।

| क.स. | विद्यालयको नाम | एकमुष्ट रकम |
|---|---|---|
| १ | श्री ने.रा.मा.वि. अगैया | १८०००० |
| २ | श्री दुर्गा भवानी मा.वि. शम्शेरगन्ज | १२०००० |
| ३ | श्री सिदेश्वर मा.वि. लौकी | ११०००० |
| ४ | श्री चिलरिया मा. वि. चिलरिया | ९०००० |
| ५ | श्री जनशक्ती मा.वि. बैजापुर | ९०००० |
| ६ | श्री जन शक्ती मा.वि. वालापुर | ९०००० |
| ७ | श्री ने.रा.आ.वि. राजपर | ९०००० |
| ८ | श्री ने.रा.आ.वि. टिकलीपुर | ९०००० |
| ९ | श्री समय भवानी आ.वि. आलिनगर | ९०००० |
| १० | श्री ने.रा.आ.वि. महेन्द्रपुर | ९०००० |
| ११ | श्री ने.रा. आ. वि. धामपुर | ९०००० |
| १२ | श्री गणेश आ.वि. खैरहनी | ९०००० |
| १३ | श्री जय दुर्गा आ.वि. मदुवा | ५०००० |

| | | |
|---|---|---|
| १४ | श्री सति भवानी आ.वि. भवनीयापुर | ८०००० |
| १५ | श्री अमर ज्योती आ.वि.लालपुर | १००००० |
| १६ | श्री जन भावना प्रा.वि. माहु | ६०००.० |
| १७ | श्री शिदेश्वरी प्रा.वि. परुवा | ६०००० |
| १८ | श्री बालक शान्ती आ.वि. चाचाफर्का | ९०००० |
| १९ | श्री जनता मा.वि.बैजनाथपुर उदयन | ९०००० |
| २० | श्री ने.रा.आ.वि. महादेवा | ६०००० |
| २१ | श्री जनज्वती प्रा.वि. नारायणपुर | ६०००० |
| २२ | श्री जन जागृती आ.वि. नवलपुर | ९०००० |
| २३ | श्री ने रा मा.वि. सर्रि | १२०००० |
| २४ | श्री ने रा आ.वि. फत्तेपुर | ९०००० |
| २५ | श्री भुवरभवानी मा.वि. बिनौना | ११०००० |
| २६ | श्री ज्ञानोदय प्रा.वि. देवपुरुवा | ६०००० |
| २७ | श्री दिप प्रकाश प्रा.वि. लालपुर | ८०००० |
| २८ | श्री सुकमैया प्रा.वि. फत्तेपुर | ६०००० |
| २९ | श्री दिप ज्योती प्रा.वि. मोहनपुर | ६०००० |
| ३० | श्री मदरसा मुस्ताकुल उलुम पिप्रहवा | ६०००० |
| ३१ | श्री ने.रा.आ.वि गुलरी | ९०००० |
| ३२ | श्री बाल शान्ती आ.वि. भेलुनीया | ६०००० |
| ३३ | श्री मुस्ताकुल उलुम गुलसने गाजि झगरिया | ६०००० |
| ३४ | श्री ने.रा.आ.वि. कुम्भर | ६०००० |
| ३५ | श्री सरस्वती मा.वि. भवनीयापुर | ५०००० |
| ३६ | सहिद स्मारक आ.बि खोरिया | ६०००० |
| ३७ | श्री ज्ञान ज्योती प्रा.वि. जबरपुर | ६०००० |
| ३८ | सिदेश्वर मा.वि. फत्तेपुर | ६०००० |

नं.३. गाउपालिका तथा वडा समितिबाट विभिन्न प्रकारका आय आर्जन तथा क्षमता विकासको लागि गरिने अभिमुखिकरण तालिम जस्ता कार्यक्रमहरु सम्बन्धित विषयका विज्ञ तथा गैर सरकारी संघ संस्थाबाट प्रस्ता माग गरि गर्नु गराउनु पर्ने र सो को खुल्ला प्रतिस्पर्धा गराई छनौट गर्नको लागि सूचना प्रकाशित गर्नुपर्ने भएकाले कुन-कुन कार्यक्रमहरु सो प्रकृयाद्धारा गर्नुपर्ने हो सो को एकिन गरि सवै वडाहरुले सूचना प्रकाशित गर्ने प्रयोजनको लागि. ७ दिन भित्र गाउंपालिकालाई जानकारी गराउने निर्णय गरियो ।

नं.४. जिल्ला समन्वय समितिबाट यस गाउपालिकामा कामकाज गर्न काजमा खटिएका सव-इन्जिनियरहरु श्री कुलानन्द चौधरी तथा हरि प्रसाद काफ्ले तथा अ.सव-इन्जिनियर श्री दिपकध्वज शाही लाई फिल्ड भत्ता बापत मासिक रु६०००/-(छहजार मात्र) तथा इन्जिनियर श्री शरद अधिकारीलाई मासिक रु ७०००/-(सात हजार मात्र) उपलब्ध गराउने तथा सव-इन्जिनियर तथा अ.सव-इन्जिनियरहरुलाई हालसम्म भुक्तानी दिएको रकम खर्च समर्थन गर्ने निर्णय गरियो ।

नं.५. आवधिक योजना,गाउंपालिकाको बस्तुगत विवरण,ऐन नियम तथा नीति निर्माण तयार गर्ने कार्यका लागि विज्ञको सेवा करारमा लिनको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

नं.६. गाउंपालिकाबाट भए गरेका कामहरुलाई पारदर्शिता तथा जवाफदेहिता कायम गरि जनता समक्ष पुर्याउन जरुरी भएकाले मासिक रुपमा बुलेटिन प्रकाशन गर्ने,सो कार्यको जिम्मा सूचना सल्लाहकार श्री अर्जुन ओलीलार्य दिने र आबश्यक पर्ने रकम कार्यालय संचालन सम्बन्धि शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

नं.७. यस गाउपालिकाका १,३,४,५,६ र ७ नं.वडाहरुमा विद्युतिकरण नभएको कारणले त्यहाका जनताहरु अध्यारोमा बस्न बाध्य भएका हुादा बैकल्पिक उर्जा प्रर्बद्धन केन्द्र,उपभोक्ता र गाउंपालिकाको सहकार्यमा उज्यालो कार्यक्रम संचालन गर्न आवश्यक पहल गर्ने निर्णय गरियो ।

नं.८. राप्ती सोनारी गाउंपालिकाको वडा नं.८मा संचालन गरेको कुखुरा फाराममा मिति २०७४।९। गतेका दिन आगलागि भै ८०० ब्रोइलर चल्ला र फाराम समेत जलेर नष्ट भएको हुादा राहत स्वरुप निजलाई रु ५०००।-(पांच हजार मात्र) विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

नं.९. नेपालगंज उप-महानगरपालिका तथा कोहलपुर न.पा.बाट छाडा गाई बस्तुहरु ट्रकमा ल्याई यस गाउपालिकाको जंगलमा छोडी दिनेगरेको,ती गाई बस्तुहरु गाउमा आई लगाएको अन्न बाली खाएर नष्ट गरिदिने गरेकाले ति गाई बस्तुहरु शिव पञ्चायण मन्दिर राप्ती गौशालाले संचालन गरेको गौशालामा राखिएको र ति बस्तुहरुलाई खुवाउन पराल तथा नुन अभाव देखिएकाले सो को लागि उक्त गौशालालाई रु३५,६९०।-पर्यटन क्षेत्र प्रवर्द्धन कार्यक्रम गौशाला केन्द्र शिर्षकमा रहेको बजेटबाट दिने निर्णय गरियो ।

नं.१०. धर्म तथा सस्कृति संरक्षण प्रवर्द्धन विषेश मन्दिर चर्च थान शिर्षकमा छुट्याइएको बजेटबाट निम्न चर्च तथा मन्दिरलाई पूर्वाधार विकासका लागि निम्न बमोजिमको रकम दिने निर्णय गरियो ।

तपशिल

क.आराधना चर्च वडा नं.८ रु१०००००।-

ख.कालिमाटी गंगामाला देउती बज्यै मन्दिर वडा नं.८ रु१०००००।-

ग.शिद्धेश्वर महादेव मन्दिर वडा नं.८ रु १०००००।-

नं. ११. वडा नं. ७ को मरिमाता मन्दिरमा प्रत्येक वर्ष लाग्ने महत्सव संचालनको लागी धर्म तथा संस्कृति संरक्षण पबर्द्धन विषेश मन्दिर चर्च थान शिर्षकमा छुट्याइको बजेटबाट रु. १००००। दिने निर्णय गरियो ।

नं. १२. वडा नं. ४ का अपाङ्गहरुले भ्रमण गर्दा लिएको गाडी भाडाको रकम रु. ८०००। आठ हजार मात्र भाडा शिर्षक बाट उपलब्ध गराउने निर्णय गरियो ।

नं. १३. बाढी पीडितहरुको स्थायी समाधानका लागी स्थानीय तह बाट स्थलगत तथा प्राविधिक अध्ययन गरि बस्ति व्यवस्थापनको ठोस कार्य अगाडी वढाउने र वन क्षेत्र अतिक्रमन गरि वसोबास गरिरहेका वाढी प्रभावितहरुको पहिचान गरि सुझाव सहित प्रतिवेदन पेस गर्न जिल्ला विपद व्यवस्थापन समितिको निर्णय भएकोले आ आफ्नो वडाको स्थलगत तथा प्राविधिक अध्ययन गरि सुझाब सहित यथा सक्य चाँडो गाउपालिकामा प्रतिवेदन पेस गर्ने निर्णय गरियो ।

नं. १४. वडा नं २ मा पर्ने गौरीखोलाको पुल मधुई मा.वि.को पर्खाल बाढीले भत्काएकोले सो को मर्मतको लागी ल.ई. गरि आगामी बैठकमा पेस गर्ने निर्णय गरियो ।

नं. १५. सिचाई कुलो मर्मतको लागी छुट्याइएको बजेट रु. २५०००००। बाँडफाँटको लागी वडा नं. ३,५,६,८ का वडा अध्यक्ष र गाउपालिकाका सदस्य श्री देवराज कुमाल रहेको समिति गठन गर्ने र सो समितिले कुन कुन सिचाई कुलोको लागी के कति रकम विनियोज गर्नु पर्ने हो सो को टुङ्गो लगाउने निर्णय गरियो ।

नं. १६. वडा नं. १ र ५ लाई पूर्ण खोप वडा घोषना गर्नको लागी आर्थिक सहयोग गरि दिन भनी सम्वन्धित वडा का वडा अध्यक्षबाट प्रस्ताव राखेकोले पूर्ण खोप घोषना कार्यक्रमको लागी बजेट विनियोजन नभएको र पूर्ण सरसफाई कार्यक्रमको लागी बजेट विनियोजन भएको हुँदा पछि गाउ सभा बाट अनुमोदन गर्ने गरि हाल दुबै वडालाई ५०/५० हजारका दरले जम्मा रु. १०००००। पूर्ण सरसफाई कार्यक्रमको लागी विनियोजन भएको बजेटबाट खर्च गर्ने निर्णया गरियो ।

पतरी